बैठक संख्या - ७५

आज मिति २०७६ साल पुस २४ गते बिहीवारका दिन यस कनकाई नगरपालिका कार्यालयका नगर प्रमुख श्री राजेन्द्रकुमार पाखेरेलज्यूको अध्यक्षतामा वडा अध्यक्ष, कार्यपालिका सदस्य, सहीतको उपस्थितिमा कनकाई नगर कार्यपालिकाको बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय अनुसार निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. नगर प्रमुख | राजेन्द्रकुमार पोखरेल | [signature] |
| २. नगर उपप्रमुख | मञ्जु प्रसाई | [signature] |
| ३. वडा अध्यक्ष | रोशनराज पोखरेल | [signature] |
| ४. वडा अध्यक्ष | परशुराम गिरी | [signature] |
| ५. वडा अध्यक्ष | रुद्रप्रसाद चिमरिया | [signature] |
| ६. वडा अध्यक्ष | गोविन्द प्रसाद पौडेल | [signature] |
| ७. वडा अध्यक्ष | कृष्णबहादुर राई | [signature] |
| ८. वडा अध्यक्ष | लक्ष्मीप्रसाद ओली | [signature] |
| ९. वडा अध्यक्ष | लीलाबहादुर कन्ङ्वा | [signature] |
| १०. वडा अध्यक्ष | प्रेमबहादुर कटुवाल | |
| ११. वडा अध्यक्ष | प्रेमप्रसाद राजवंशी | [signature] |
| १२. कार्यपालिका सदस्य | सिता अधिकारी | [signature] |
| १३. कार्यपालिका सदस्य | साबित्रा बर्देवा | [signature] |
| १४. कार्यपालिका सदस्य | चुवालाल राजवंशी | [signature] |
| १५. कार्यपालिका सदस्य | देवेन्द्रकुमार दर्जी | [signature] |
| १६. कार्यपालिका सदस्य | कृष्णमाया भुजेल | [signature] |
| १७. कार्यपालिका सदस्य | सुनिता खरेल सिग्देल | [signature] |
| १८. कार्यपालिका सदस्य | नवलकशोर दत्त कायस्थ | [signature] |
| १९. कार्यपालिका सदस्य | मुना बयलकोटी | [signature] |
| २०. सदस्य सचिव प्र प्र अ | खरुदेव चुडाल | |

२१. अन्य कर्मचारी

प्रशासकीय अधिकृत विवेक भण्डारी [signature]

प्रस्तावहरु

१ सहयोग सम्बन्धमा ।

२ पारिश्रमिक भुक्तानी सम्बन्धमा ।

३ महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।

४ घर भाडा सम्बन्धमा ।

५ सेवा करार सम्बन्धमा ।

६ माई मेला सम्बन्धमा ।

७ नगरसभा सम्बन्धमा ।

८ ऐलानी जग्गाको लगत संकलन सम्बन्धमा ।

९ मेला व्यवस्थापन समिति सम्बन्धमा ।

१० केराबाट बन्ने फाईबर को उद्योग संचालन सम्बन्धमा ।

११ प्राविधिक शिक्षा अध्ययन सहयोग कार्यविधि सम्बन्धमा ।

१२ मेयर आवास तथा विपन्न आवास कार्यक्रम सम्बन्धमा ।

निर्णयहरु

१ प्रस्ताव नं १ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय झापालाई रु २,००,०००।— बराबरको बुद्ध मूर्ति , ल्यापटप लगायतका सामग्री हस्तान्तरण गर्ने निर्णय गरियो ।

२ प्रस्ताव नं २ माथि छलफल गर्दा यस कनकाई नगरपालिकाको कार्यालय वडा नं ७ , प्रमुख प्रशासकीय अधिकृत समेत लाई विपक्षी बनाई दायर गरिएको मुद्दा मा यस नगरपालिकाको तर्फबाट वारिसको रुपमा प्रतिनिधित्व गरी बहस गर्नुभएका वरिष्ठ अधिवक्ता श्री धर्म प्रसाद उप्रेतीलाई पेश भएको निवेदन अनुरुप पारिश्रमिक स्वरुप रु ४७,०००।— मात्र भुक्तानी गर्ने तथा उप्रान्त नगरको तर्फबाट अधिवक्ताको सेवा लिने सम्बन्धमा आवश्यक कार्यविधि निर्माण गर्ने निर्णय गरियो ।

३ प्रस्ताव नं ३ माथि छलफल गर्दा महालेखा परीक्षकको कार्यालयबाट प्राप्त लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन कार्यपालिकाको बैठकमा जानकारी भयो । लेखा समितिलाई दफावार छलफल गरी आगामी नगरसभामा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

४ प्रस्ताव नं ४ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत पशु पन्छी तथा मत्स्य विकास शाखा रहेको घरको घरभाडा हाल कायम रहेकोमा वृद्धि गरिपाउँ भनी सम्बन्धित घरधनीबाट पेश भएको निवेदन उपर छलफल हुँदा हाल भाडामा लिइएका कोठा संख्यामा १ कोठा थप लिई मासिक भाडा रु ७०००।— कायम गर्ने निर्णय गरियो । वडा नं ६ को कार्यालय संचालन गर्न यस नगरपालिकाबाट माग भएबमोजिमको सूचनामा परेको शिलबन्दी प्रस्ताव उपर छलफल गर्दा एउटा मात्र प्रस्ताव पेश भएकोमा पुनः ७ दिनको सूचना आह्वान गर्ने निर्णय गरियो ।

५ प्रस्ताव नं ५ माथि छलफल गर्दा यस नगरपालिकाबाट सेवा करारका लागि माग भएबमोजिमको कृषि विकास अधिकृत संख्या १, सिभिल ईन्जिनियर संख्या १ मा कनकाई नगरपालिका गठित अन्तर्वार्ता तथा सूचीकरण समितिबाट भएका सिफारिस अनुसार तपशिल अनुसारको उम्मेद्वारको नामावली स्वीकृत गरी सेवा करारमा लिने निर्णय गरियो ।

पदः कृषि विकास अधिकृत

माग पद संख्या १

| सि नं | उम्मेद्वारको नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | नारायण लम्साल | भद्रपुर न पा ७, झापा | सिफारिस |
| २ | दीक्षान्त काफ्ले | फुङलिङ नपा४, ताप्लेजुङ | वैकल्पिक १ |

पदः सिभिल ईन्जिनियर

माग पद संख्या १

| सि नं | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | विशाल थेबे | शिवसताक्षी न पा ०९ झापा | सिफारिस |
| २ | सुमन ओली | अर्जुनधारा न पा ०६ झापा | वैकल्पिक १ |
| ३ | इमरान अली | भद्रपुर न पा ०६ झापा | वैकल्पिक २ |

६ प्रस्ताव नं ६ माथि छलफल गर्दा यस नगरपालिकाबाट माई मेला संचालन गर्न आह्वान भएको सूचना अनुसार दाखिला हुन आएका बोलपत्रहरु मध्ये एस.बी.डी कन्स्ट्रसन प्रा.लि कनकाई ३ बाट पेश हुन आएको तथा मूल्यांकन समितिबाट सिफारिस भएबमोजिम रु २०,३४,०००।— मु अ क सहित (रु १८,००,०००।— मु अ क बाहेक) कबोल बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो र नियमानुसार सम्झौता गर्ने निर्णय गरियो । साथै आर्थिक कार्यविधि ऐनमा उल्लेख भएबमोजिम एकमुष्ठ भुक्तानीमा १०% छुट दिने निर्णय गरियो ।

७ प्रस्ताव नं ७ माथि छलफल गर्दा यस नगरपालिकाको छैठौं नगरसभा अधिवेशन मिति २०७६।१०।१४ गते को लागि आह्वान गर्ने निर्णय गरियो ।

८ प्रस्ताव नं ८ माथि छलफल गर्दा यस नगरपालिकामा रहेका ऐलानी जग्गाको लगत संकलन सम्बन्धी कार्यका सहजकर्ताहरुलाई वडा समितिबाट निर्णय भई वडाबाट सिफारिस भएबमोजिम तपशिलका व्यक्तिहरुलाई ३ महिने सेवा करारमा लिने निर्णय गरियो । साथै सहजकर्ताहरुलाई मिति २०७६।०९।२६ र २७ गते संघीय भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय, UN Habitat, सामुदायिक आत्मनिर्भर केन्द्रको प्राविधिक सहयोगमा तालिम संचालन गर्ने निर्णय गरियो ।

तपशिल

| सि नं | वडा नं | सिफारिस व्यक्तिहरुको नाम | कैफियत |
|---|---|---|---|
| १ | वडा नं १ | हरि कुमार राई,पुजन बास्तोला,नन्दिका वि क | |
| २ | वडा नं २ | योगराज वि क ,एलिना गिरी, रेखा राई | |
| ३ | वडा नं ३ | प्रेरित उप्रेती,अप्सरा कुमाल, सौरभ गौतम | |
| ४ | वडा नं ४ | शारदा कार्की, रञ्जना ओली, लिलानाथ अधिकारी | |
| ५ | वडा नं ५ | उमेश पराजुली, सोनिका सेढाईं, मिलन वि क | |
| ६ | वडा नं ६ | कृष्ण बहादुर पुलामी, सभ्यता दर्नाल, समिक्षा कार्की | |
| ७ | वडा नं ७ | निरु चुहान, अनिता ईङ्गनाम, कमल प्र शिवाकोटी | |
| ८ | वडा नं ८ | कोपिला प्रसाईं, कल्पना मिश्र, शेखर चुडाल | |
| ९ | वडा नं ९ | प्रमिला राजवंशी, सुस्मिता यादव, मुना उप्रेती | |

९ प्रस्ताव नं ९ माथि छलफल गर्दा यस नगरपालिकाभित्र संचालन हुने माई मेला व्यवस्थापनका लागि तपशिल अनुसार माई मेला व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

संयोजकः वडा नं ४ को वडाध्यक्ष

सदस्यः वडा नं ३ को वडाध्यक्ष

सदस्यः वडा नं ३ र ४ का सम्पूर्ण वडा सदस्यहरु

१० प्रस्ताव नं १० माथि छलफल गर्दा केराका तन्तुहरुबाट बन्ने फाईबर कपडाको उद्योग स्थापनाका लागि फिलिपिन्स सरकार अन्तर्गत रहेको फिलिपिन टेक्सटाईल रिसर्च ईन्स्टिच्युट सँग प्राविधिक सहयोग, भ्रमण तथा समन्वयका लागि सम्बन्धित मन्त्रालयसँग स्वीकृति माग गर्ने निर्णय गरियो ।

११ प्रस्ताव नं ११ माथि छलफल गर्दा कनकाई नगरको प्राविधिक शिक्षा अध्ययन सहयोग कार्यविधि २०७६ पारित गर्ने निर्णय गरियो ।

१२ प्रस्ताव नं १२ माथि छलफल गर्दा मेयर आवास कार्यक्रम तथा विपन्न आवास कार्यक्रम [illegible] संचालन गर्न कुल लागत रकमको ५% उपभोक्ताको तर्फबाट व्यहोर्नुपर्ने व्यवस्था रहेकोमा [illegible] हकमा कुल लागत रकमको ५% व्यहोर्नु नपर्ने निर्णय गरियो ।